अनुसूची - २
(दफा ४ तथा अनुसूची १ भाग २ सँग सम्बन्धित)

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

| खण्ड : ७ | सङ्ख्या : ६ | मिति : २०८०/०४/३१ |
|---|---|---|

**भाग – २**

**चौरजहारी नगरपालिका**

प्रमाणिकरण मिति : २०८०/०४/३२

## चौरजहारी नगरपालिकाको यातायात सञ्चालन तथा व्यवस्थापन कोष कार्यविधि, २०८०

**प्रस्तावना** : सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहँचु स्थापित गर्न चौरजहारी नगरपालिकाद्वारा सञ्चालित नगर बस, एम्बुलेन्स, जे.सी.बी., टिप्पर लगायतका चारपाङ्ग्रे सवारी साधनको आम्दानी र खर्चको सन्तुलन तथा मर्मत कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम चौरजहारी नगरपालिकाको यातायात सञ्चाल तथा व्यवस्थापन कोष कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

चौरजहारी नगरपालिका

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ख) सभा भन्नाले चौरजहारी नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ग) कार्यपालिका भन्नाले चौरजहारी नगरपालिका नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) प्रमुख भन्नाले चौरजहारी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) उपप्रमुख भन्नाले चौरजहारी नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ) कोष भन्नाले चौरजहारी नगरपालिकाको यातायात सञ्चालन तथा व्यवस्थापन कोष सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्य :** यस कोष स्थापनाको उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) मर्मत सम्भार कोष स्थापना गरी नगरपालिकाद्वारा सञ्चालित नगर बस, एम्बुलेन्स, जे.सी.बी., टिप्पर लगायतका चारपाङ्ग्रे सवारी साधन व्यवस्थित रुपमा सञ्चालन गर्ने,

(ख) कोष सञ्चालनसम्बन्धी प्रक्रियालाई सरल, सहज तथा पारदर्शी र स्पष्ट बनाउने,

(ग) नगर बस र एम्बुलेन्सलाई मर्मत सम्भार गरी तत्काल सञ्चालन गर्ने,

(घ) यातायात सेवा सञ्चालनमा प्रत्यक्ष संलग्न जनशक्तिलाई जिम्मेवार र जवाफदेही बनाउने

## परिच्छेद २
## कोष स्थापना, सञ्चालन र प्रयोग

४. **कोष सम्बन्धी व्यवस्था :** (१) चौरजहारी नगरपालिकाको एक यातायात सेवा सञ्चालन तथा व्यवस्थापन कोष रहनेछ ।

(२) कोषको सञ्चालन राजश्व उपशाखा प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) कोषको खाता सञ्चालन नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त ‘क’ वर्गको बैङ्कमा हुनेछ ।

५. **कोषको आम्दानी :** (१) यातायात सेवा सञ्चालन तथा व्यवस्थापन कोषमा देहायबमोजिमको स्रोतबाट प्राप्त रकम जम्मा हुनेछ :

(क) नगरसभाबाट विनियोजित रकम

चौरजहारी नगरपालिका

(ख) नगर बस, एम्बुलेन्स, जे.सी.बी., टिप्पर लगायतका चारपाङ्ग्रे सवारी साधन उपयोग सेवाबाट प्राप्त रकम

(ग) बैङ्कबाट प्राप्त व्याजको रकम

(घ) अन्य जुनसुकै स्रोतबाट कानुनबमोजिम प्राप्त रकम

८. **कोषको खर्च सम्बन्धी व्यवस्था** : (१) यातायात सञ्चालन तथा व्यवस्थापन कोषको रकम देहायबमोजिम खर्च गर्न सकिनेछ :

(क) तलबभत्ता सम्बन्धी खर्चहरू कर्मचारीहरूको तलब, महङ्गी भत्ता, पोसाकभत्तालगायतको खर्च।

(ख) नगर बस र एम्बुलेन्सको पाठपूर्जा तथा अन्य आवश्यक सामग्री खरिद तथा मर्मत सम्भार

(ग) इन्धन, मोबिललगायतका खर्चहरू।

८. **कोषको लेखा तथा लेखापरीक्षण :** (१) कोषको लेखापरीक्षण प्रचलित कानुनबमोजिम हुनेछ।

(२) नगर कार्यपालिकाको कार्यालयले कोषको लेखापरीक्षण गराउनु पर्नेछ।

(३) लेखापरीक्षकले प्रतिवेदनमा औल्याएका कुराहरू कार्यान्वयन गर्नु जिम्मेवार पदाधिकारीहरूको कर्तव्य हुनेछ।

## परिच्छेद ३

## समितिको गठन, काम, कर्तव्य र अधिकार

९. **मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिको गठन :** (१) नगरपालिकाको नगर बस, एम्बुलेन्स, जे.सी.बी., टिप्पर लगायतका चारपाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापनका लागि एक कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमका सवारी साधन सञ्चालन तथा व्यवस्थापनका लागि देहायबमोजिम समिति गठन हुनेछ:

(क) नगर प्रमुख – संयोजक

(ख) नगर कार्यपालिका सदस्यहरू मध्येबाट नगर कार्यपालिकाले छनोट गरेका एकजना महिला सहित दुई जना – सदस्य

(ग) चौरजहारी नगरपालिकाको पूर्वाधार विकास समिति संयोजक – सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

चौरजहारी नगरपालिका

(ङ) राजस्व उपशाखा प्रमुख (लेखा शाखा) – सदस्य

(च) सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखा प्रमुख (जिन्सी शाखा) – सदस्य सचिव

(३) समितिको बैठक अध्यक्षले तोकेको समयमा आवश्यकताअनुसार बस्नेछ।

(४) अध्यक्षले आवश्यक ठानेमा कार्यपालिका सदस्य, विज्ञ, कर्मचारी तथा अन्य व्यक्तिहरूलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

**१०. <u>समितिको काम, कर्तव्य र अधिकार</u> :** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्ययोजना तयार गरी नगर कार्यपालिकामा सिफारिस गर्ने।

(२) सवारी साधनहरूको संरक्षण सम्वर्धन तथा नियमित मर्मत सम्भारकाको व्यवस्था मिलाउने।

(३) सवारी साधन मर्मत सम्भार तथा सञ्चालनका लागि अन्य निकायहरूसँग समन्वय गर्ने।

(४) कोषको दीगो व्यवस्थापनका लागि श्रोत जुटाउन सङ्घ, प्रदेश र अन्य सङ्घ संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने

(५) कोषको वृद्धि, कोषको सञ्चालन तथा उपयोगका सम्बन्धमा आवश्यक नीतिगत तथा कार्यान्वयनगत निर्णयहरू गर्ने

(६) कोषको आर्थिक लेखा प्रणाली एवम् प्रशासनिक कार्यहरूको निरीक्षण गर्ने तथा सो सम्बन्धमा आवश्यक निर्णयहरू गर्ने

(७) आवश्यकतानुसार अन्य कार्य गर्ने।

## परिच्छेद ४

## कोष सञ्चालन प्रक्रिया र प्राथमिकता

**११. <u>कोष सञ्चालन प्रक्रिया</u>** : (१) नियमित मर्मत सम्भारका लागि देहायबमोजिम गर्नुपर्नेछ।

(क) सम्बन्धित शाखाले मर्मत गर्नुपर्ने सवारी साधनको विवरण तयार गरी समिति समक्ष पेस गर्नुपर्नेछ।

(ख) शाखाबाट तयार भइ पेस भएको मर्मतको आवश्यकता, प्राथमिकता र औचित्यतका आधारमा समितिको स्वीकृतिमा कोषबाट मर्मत सम्भार गर्नुपर्नेछ।

(२) आकस्मिक मर्मत सम्भारका लागि देहायबमोजिम गर्नुपर्नेछ :

(क) २० हजार सम्मको मर्मत सम्भारका लागि सम्बन्धित शाखा प्रमुखबाट हुनेछ।

(ख) २० हजारभन्दा बढी र एक लाखभन्दा मुनिको लागत लाग्ने मर्मत सम्भारका लागि सम्बन्धित शाखाको सिफारिसमा नगर प्रमुखको स्वीकृतिबाट गर्न सकिनेछ।

(ग) सम्बन्धित शाखाको नियमित तथा आकस्मिक कार्यका लागि गरिएको मर्मत सम्भारको चौमासिक रुपमा प्रतिवेदन तयार गरी समिति समक्ष पेस गर्नेछ ।

(घ) समितिले यस्तो प्रतिवेदनमाथि आवश्यक छलफल गरी अनुमोदनका लागि कार्यपालिकामा पेस गर्नेछ ।

## परिच्छेद ५
## विविध

१२. **खरिद प्रक्रिया** : कोषबाट व्ययभार हुने गरी सञ्चालन गरिने मर्मत सम्भारका लागि आवश्यक सामग्री तथा सेवा खरिद प्रचलित कानुनबमोजिम हुनेछ ।

१३. **प्रतिनिधि खटाउन सक्ने** : मर्मतसम्भार गराउने कार्यका लागि रेखदेख गर्न प्रतिनिधि, प्राविधिक खटाउन सकिनेछ ।

१४. **बाधा अड्काउ फुकाउने** : यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै समस्या उत्पन्न भएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले,
शेरप्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

धौरजहारी नगरपालिका